मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २९ ◆ अङ्क : २३२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार २४ गते सोमबार (Monday, 8 July 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## ५२ किसिमका रोग सङ्क्रामकको सूचीमा

**काठमाडौँ, असार २३।** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सङ्क्रामक रोगको सूची तयार पारेको छ ।

सरकारले राजपत्रमा जनस्वास्थ्य सेवा ऐन-२०७५ को दफा ४९ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी पहिलो पटक ५२ किसिमका रोगलाई सङ्क्रामक रोगको सूची तयार पारेको हो ।

सङ्क्रामक रोगहरुको सूचीमा रेबिज, क्षयरोग, कोभिड-१९, दादुरा, डेङ्गु, जापानिज इन्फेफलाइटिस, हैजा,

*(बाँकी अन्तिम पृष्ठमा)*

विपद् जोखिम बढ्यो

# एक महिनामा ६२ जनाको मृत्यु

**काठमाडौँ, असार २३।** मनसुन शुरु भएयता बाढी, पहिरो, चट्याङजस्ता मनसुनजन्य विपद्का कारण ६२ जनाको मृत्यु, चार जना बेपत्ता र ९० जना घाइते भएका छन् ।

गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रले उक्त तथ्याङ्कबारे जानकारी गराएको हो । केन्द्रका अनुसार यस अवधिमा बाढीका कारण मोरङमा एक, दाङमा तीन, कैलालीमा एक, काभ्रेपलाञ्चोकमा दुई, उदयपुरमा एक, पाल्पामा एकगरी नौ जनाको मृत्यु भएको छ । बाढीकै कारण दुई जना बेपत्ता छन् । पाँच घरमा पूर्ण रुपमा क्षति पुगेको छ । ११ घरमा आंशिक क्षति भएको छ ।

पहिराका कारण ३४ जनाले ज्यान गुमाएका छन् । पहिरोमा परी दुई जना बेपत्ता र ३८ जना घाइते भएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ । पहिराले ४३ घर पूर्ण रुपमा र २४ घरमा आंशिक क्षति पुगेको छ । १९ वटा गोठमा क्षति भएको छ भने १२ जना घाइते भएका छन् । ११ घर पूर्ण रुपमा र छ घर आंशिक रुपमा क्षतिग्रस्त छन् ।

बाढी र पहिराले हालसम्म आठ करोड छ लाख बराबरको क्षति भएको प्राधिकरणले जनाएको छ । चट्याङ्बाट १९ जनाको मृत्यु र ३५ जना घाइते भएका छन् । बाढी, पहिरो, डुबान, चट्याङजस्ता मनसुनजन्य घटना अझै बढ्दो क्रममा छ, क्षति न्यूनीकरणका लागि सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरेर अगाडि बढिरहेका छौँ- प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईले भने- यस वर्ष सरदरभन्दा बढी पानी पर्ने र १८ लाख मानिस प्रभावित हुने आँकलन गरिएको छ, तसर्थ सतर्कता अपनाउन जरुरी छ । उनका अनुसार यस वर्षको मनसुन अवधिमा चार लाख १२ हजार घरधुरी मनसुनजन्य विपद्मा पर्ने आँकलन गरिएको छ ।

जल तथा मौसम विज्ञान विभागका प्रवक्ता सुनील पोखरेलले सोमबारदेखि मुलुकभर बाढीको जोखिम कम हुने जानकारी दिए । आइतवारको तथ्याङ्क अनुसार कुनै पनि नदी बाढीको खतरा तहमा पुगेको छैन, मुलुकको विभिन्न नौ वटा नदीहरु सतर्कता तहमा छन्- उनले भने- क्रमिक रुपमा नदीमा पानीको प्रवाह घटिरहेको छ, भोलिदेखि बाढीको खतरा तत्कालका लागि टर्नेछ ।"

गृह मन्त्रालयको नेपाल विपद् जोखिम न्यूनीकरण पोर्टलअनुसार एक सातामा मुलुकको एक सय १० स्थानमा पहिरो गएको छ । बाढी जस्तै पहिराको पूर्वसूचनालाई प्रभावकारी बनाउन आवश्यक रहेको भू-गर्भविद् डा. सुवोध ढकालले बताए । राजमार्गमा पहिराको सम्भावना बढी हुने भएकाले यात्रा गर्दा विशेष ध्यान दिऊँ । जमिनमा चिरा देखिए तत्काल खाँदेर पुर्ने र पानी तर्काउने काम गरौँ, नसकेमा सुरक्षित स्थानमा बस्ने, जथाभावी भल बग्ने गरेको

*(बाँकी अन्तिम पृष्ठमा)*

## उद्धार र राहतमा सक्रिय हुन निर्देशन

**काठमाडौँ, असार २३।** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाढीपहिरोबाट प्रभावित जनताको जिउधनको रक्षाका निम्ति राज्यको सम्पूर्ण शक्ति लगाउन सम्बन्धित सबै निकायलाई निर्देशन दिएका छन् ।

सिंहदरबारस्थित 'कन्ट्रोल रुम'बाट बाढीपहिरोको क्षतिबारे जानकारी लिएपछि प्रधानमन्त्री प्रचण्डले प्राकृतिक विपद्का कारण प्रभावित नागरिकको उद्धार र राहतमा सक्रिय हुन सरकारका सम्पूर्ण निकायलाई निर्देशन दिएका हुन् ।

बाढी पहिरोका कारण देशका विभिन्न भूभागमा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै प्रधानमन्त्रीले विपद्बाट प्रभावित नागरिकको उद्धार र राहतमा सक्रियतापूर्वक काम गर्नुपर्नेमा जोड

*(बाँकी अन्तिम पृष्ठमा)*



## एकैदिन ३४ लाख एसएमएस

**काठमाडौँ, असार २३।** जल तथा मौसम विज्ञान विभागले २४ घण्टामा ३४ लाख एसएमएस सर्वसाधरणलाई सम्प्रेषण गरेको छ ।

विभागले नेपाल टेलिकम र एनसेलसँगको सहकार्यमा शनिबार मध्यान्ह १२देखि आइतवार १२ बजेसम्म मुलुकको विभिन्न स्थानमा परेको वर्षासँगै बाढी तथा पहिरोसम्बन्धी जानकारी दिन ३४ लाखभन्दा बढीलाई एसएमएस सम्प्रेषण गरेको हो । विभागका प्रवक्ता सुनिल पोखरेलले बाढीबाट

*(बाँकी अन्तिम पृष्ठमा)*

## १४ किलो चाँदीका गहनासहित तीन पक्राउ

**काठमाडौँ, असार २३।** नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले १४ दशमलव २५० किलो चाँदीको गरगहनासहित तीन जनालाई पक्राउ गरेको छ ।

चाँदीका अवैध गरगहना भण्डारण र बिक्री वितरणमा संलग्न भारतीय नागरिक २२ वर्षीय अमनकुमार, २६ वर्षीय बिकीकुमार साह तथा पर्साको लिपनीबिर्ता-६ का ३४ वर्षीय श्रवणप्रसाद कानूलाई पक्राउ गरिएको सिआइबीका प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिए । प्रहरीले काठमाडौंको सानो गौचरनस्थित अटो सर्भिसेज प्रालिको अटो वर्कशपभित्र रोकी राखेको अवस्थामा भारतीय नम्बरको बीआर०६यु ९०५३ नम्बरको कार चेक गर्दा उक्त कारको डिकीमा लुकाईछिपाई राखेको अवस्थामा सो परिणामको चाँदीको गरगहना बरामद गरेको थियो ।

सिआइबीले अवैध चाँदीका गहना र सोको भण्डारण र बिक्री वितरणमा संलग्नलाई आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान विभागमा पठाएको छ ।

ललितपुरबाट काठमाडौँतर्फ आउँदै गरेको सो भारतीय

*(बाँकी अन्तिम पृष्ठमा)*

## अपाङ्गता भएका व्यक्तिलाई होच्याउने शब्द हटाउन माग

**काठमाडौँ, असार २३।** राष्ट्रियसभाको आइतवारको बैठकमा सांसद पदमबहादुर परियारले अपाङ्गता भएका व्यक्तिलाई होच्याउने शब्द प्रयोग गरिएकोमा आपत्ति जनाएका छन् ।

राष्ट्रियसभाको असार २० गतेको बैठकमा अपाङ्गता भएका व्यक्तिलाई 'लुला', 'लङ्डा' शब्द प्रयोग गरेर अपमानित गरिएको बताए । साथै उनले आगामी बैठकमा यस्ता शब्द प्रयोग हुन नदिनेतर्फ संवेदनशील हुन 'रुलिङ' को माग गरे । उनले उक्त दिनको बैठकको अभिलेखबाट अपमानजनक सबै शब्द मेटाउन अध्यक्षसमक्ष अनुरोध गरे । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले अपमानजनक शब्द प्रयोग भएनभएको निक्यौंलगरी आगामी बैठकमा त्यसबारे जानकारी दिने बताए ।

# आत्मनिर्भर बन्दै सदा समुदायका महिला



**उदयपुर, असार २३।** जिल्लाको त्रियुगा नगरपालिका-६ जलजलेस्थित दलित समुदायका महिला सिप सिकेपछि स्वरोजगार बन्दै गएका छन् । यसअघि परम्परागत पेशा ढकीमा माटो तथा गिटी बालुवा बोक्ने, जङ्गलबाट दाउरा सङ्कलन र बिक्री गरेर जीविकोपार्जन गर्दै आएका यहाँका महिला सिप सिकेपछि सिलाइ कटाइबाट आत्मनिर्भर बन्दै गएका हुन् ।

त्रियुगा-६ जलजलेका पाँच जना मुसहर परिवारका सदा महिलाले आफ्नो परम्परागत पेशा छाडेर सिलाइ कटाइको तालिम लिएपछि अहिले 'सिलाइ केन्द्र' सञ्चालन गरी स्वरोजगार बन्दै गएका जिल्ला सिलाइ कटाइ संघकी संयोजक ज्ञानु प्रधानले बताए । दुई सय सदा महिलालाई तालिम दिएको बताउँदै प्रधानले पाँच जनाले सिलाइ केन्द्र सञ्चालन गरिरहेका जानकारी दिए । मुसहर जातिका महिला पढ्नलेख्न नपाउँदा परम्परागत पेशा गर्न बाध्य थिए । अहिले सिप सिकेपछि स्वरोजगारतर्फ उन्मुख भइरहेका छन्- उनले भने ।

जिल्ला घरेलु तथा साना उद्योग महासंघ र त्रियुगा नगरपालिकाको सहयोगमा पटक-पटक गरी दुई सयलाई सामान्य, मध्यम र 'एड्भान्स' तालिम दिइएको भन्दै तालिम लिइसकेपछि पाँचजना सदा महिलाले केन्द्र सञ्चालनसँगै आफ्नो परम्परागत पेशा परिवर्तन गरेका संयोजक प्रधानले बताए । जलजले बजारमा 'प्रिन्सा सामुहिक टेलर्स' मार्फत सुनिता सदा, यशोदा सदा, रामवती सदा, फूलवती र दीपा सदा स्वरोगार बन्दै गएका हुन् ।

यशोदाले भनिन्- सिलाइ कटाइ तालिम लिएपछि सामुहिक रुपमा सिलाइ केन्द्र सञ्चालन गरी परम्परागत पेशा छोडेका छौँ । अहिले हामी व्यावसायिक सिलाइमा आबद्ध छौँ । सामान्य, मध्यम र एडभान्स गरी तीन चरणमा करिब एक वर्ष तालिम लिएको भन्दै तालिपछि व्यावसाय सञ्चालन गर्न सक्षम बनेको उनले बताइन् ।

नगरपालिका र साना घरेलु उद्योग महासंघको सहयोगमा पाँच वटा सिलाइ मेसिनसमेत सहयोग प्राप्त गरेपछि पाँच महिनादेखि सामूहिक टेलर्स सञ्चालन गरिरहेको रामवतीले जानकारी दिइन् । आफूहरु समुदायमा पनि दलित परिवारमा पर्ने भएकाले विद्यालय पढ्न नपाएको तथा सानैदेखि परम्परागत काम गर्न बाध्य रहेको बताउँदै तालिम पश्चात् आत्मनिर्भर बन्दै गएको उनले उल्लेख गरिन् ।

सानैदेखि जङ्गलको दाउरा बोकेर बिक्री गर्ने, जङ्गल तथा खेतबाट घर पोत्ने माटो ढकीमा बोकेर बिक्री गर्ने, घर निर्माणका लागि गिटी, बालुवा, सिमेन्टलगायत सामग्री बोकेर जीविकोपार्जन गर्दै आएका थियौँ- रामवतीले भनिन्-अहिले केन्द्र सञ्चालन गरेपछि काममा सहजता हुनुका साथै आर्थिकस्तरमा पनि सुधार हुँदै भएको छ । उनले अन्य गाउँले दिदीबहिनलाई सिप विकास गरी स्थानीयस्तरमा स्वरोजगारका अवसर सिर्जना गर्नेतर्फ सबै लाग्नुपर्नेमा जोड दिइन् ।

सिलाइ समूहकी अध्यक्ष यशोदाले महिलाले लगाउने हरेक किसिमका कपडा सिलाउने सिप तालिमबाट सिकेको बताउँदै पुराना कपडा मर्मत, कटाइ, पुरुषले लगाउने सर्ट, पाइन्ट, कोटसहित स्कूल, कलेजका पोशाकहरु सिलाइ गरिने जानकारी दिइन् । केन्द्रमा सबै खर्च कटाएर रु. एक लाखसम्मको सिलाइ कार्य गर्ने गरेको यसोदा बताउँछिन् ।

परम्परागत पेशा छाडेर सिलाइ कटाइमा आबद्ध भएकी सुनिताले सानैदेखि शारीरिक परिश्रम गरेको सम्झदै पढ्नलेख्न पनि नपाएको बताइन् । सिलाइसम्बन्धी सिप सिकेपछि यो काम गर्न सहज भएको छ । महिलाले सिप सिकेर यस्ता काममार्फत स्वरोजगार बन्नेतर्फ लाग्नु पर्छ- उनले भनिन् । पटक-पटक गरेर करिब १४ महिना तालिम लिएपछि आफू सक्षम भएको सुनिताको भनाइ छ । केन्द्रबाट सामुहिक रुपमा मासिक रु. ८० हजारदेखि रु. एक लाखसम्म आम्दानी भइरहेको उनले जानकारी दिइन् । परम्परागत पेशा छोडेसँगै बिस्तारै गाउँका अन्य महिलालाई पनि केन्द्रमा आबद्ध गराउन पहल गर्नेछौँ- उनले भनिन् ।

लामो समयदेखि सुकुम्बासी भएर बस्दै आएका त्रियुगा-६ जलजलेका पाँचजना सदा महिला स्वरोजगार बनेको देखेपछि गाउँका अन्य पनि प्रेरित हुँदै गएका सुनिताका बुबा ७० वर्षीय जीवेन्द्र सदाले बताए । महिलाले सिप सिकेर अर्थिक आम्दानीका स्रोत विकास गरी सहज जीवनयापनतर्फ अग्रसर हुनुपर्ने उनले सुझाव दिए । छोरीलाई दुःखका कारण सानोमा पढाउन सकिनँ, अहिले सिलाइ सिप सिकेर राम्रो कमाई गर्न थालेकोमा खुशी लागेको छ- जीवेन्द्रले भने- छोरीले परिवारलाई पनि कपडा सिलाएर लगाइदिने गरेकी छिन् । यसअघि बाहिर सिलाउनुपर्दा खर्च बढी लाग्ने र टिकाउ पनि नहुने हुँदा सास्ती थियो ।

सिलाइ कटाइ संघकी संयोजक प्रधानले भने- यहाँका दुई सयमध्ये पाँच जनाले व्यवसाय सञ्चालन गरेर उदाहरणीय काम गरेका छन् । अन्य महिलाले पनि आफूले सिकेको सिपको सदुपयोग गरी आत्मनिर्भर बन्दै जानुपर्ने अवस्था आएको छ । आफूले सिकाएको सिपमार्फत स्वरोजगार बनेका देख्दा निकै उत्साहित भएको उनले बताइन् । त्रियुगा-६ को जलजलेमा ९८ सदा परिवार बसोबास गर्दै आएका छन् ।

# वाणिज्य संघ झापा अध्यक्षमा चिमरिया

**बिर्तामोड, असार २३।** नेपाल राष्ट्रिय वाणिज्य संघ झापा जिल्लाको अध्यक्षमा नारायणप्रसाद चिमरिया निर्वाचित भएका छन् ।

दोस्रो जिल्ला सम्मेलनबाट चार बर्षे कार्यकालकालागि अध्यक्षमा चिमरिया चुनिएका हुन् । त्यस्तै उपाध्यक्षमाद्वय मोहनप्रसाद सुवेदी, रमेश अधिकारी, सचिवमा यामनाथ बिमली, कोषाध्यक्षमा मिनाल तिम्सिना, सह-सचिवमा कृष्ण तिवारी निर्वाचित भएका छन् ।

त्यस्तै सदस्यहरुमा भूवन कार्की, निर्मला खरेल ओडारी र सुशीला कटुवाल चयन भएका छन् । नेपाल राष्ट्रिय वाणिज्य संघको केन्द्रीय उपाध्यक्ष केदार लामिछानेको प्रमुख आतिथ्य तथा संघको झापा अध्यक्ष पर्वत कार्कीको अध्यक्षतामा उद्घाटन समारोह सम्पन्न भएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्रिय वाणिज्य संघको केन्द्रीय सचिव भीष्मराज खरेल, नेपाल उद्योग वाणिज्य संघको केन्द्रिय सदस्य उमेश डालमिया, नेकपा एमाले झापा अध्यक्ष प्रेम गिरी, उपाध्यक्ष शिव ढुङ्गेल, नेपाल राष्ट्रिय वाणिज्य संघको केन्द्रिय सदस्य कुलप्रसाद खरेल लगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रममा नेकपा एमाले बिर्तामोड अध्यक्ष सुवास भट्टराई, एमाले कार्यालय सचिव छबिलाल विक, उद्योग तथा व्यवसायी महासंघ केन्द्रीय सदस्य रिङ्कुमार आचार्य लगायतले बोलेका थिए ।



# ११ महिनामै त्यागे झण्डै १२ अर्बको बिमालेख

**झापा, असार २३।** चालू आर्थिक वर्षमा बिमा गर्नेको संख्याभन्दा बिमा त्याग गरेर बाहिरिने बीमितको संख्या बढेको छ। बिमा त्याग (सरेन्डर) गर्ने बिमितको संख्या बढेसँगै कम्पनीहरुलाई चुनौति थपिएको छ। जसका कारण बिमा कम्पनीहरुलाई पोलिसी समर्पण रोक्ने चुनौति थपिएको हो।

पछिल्लो समय बिमालेख नवीकरण नगर्ने तथा परिपक्व नहुँदै त्याग गर्ने बढेका हुन्। नवीकरणमा लाग्ने जरिवानामा छुट दिनेदेखि हरेक वर्षजसो कम्पनीहरुले समयमै नवीकरण गर्नेलाई विभिन्न सुविधा दिने अफर समेत ल्याएका छन्। तर, कम्पनीहरुले दिएको छुट निष्प्रभावी देखिएको छ।

चालू आवको ११ महिनामै बिमितले करिब १२ अर्ब रुपैयाँको बिमा पोलिसी त्याग गरेका छन्। सामान्यतया परिपक्व हुनुपूर्व नै त्याग गर्ने बीमितले आफूले तिरेको पैसा पनि कटाएर थोरै अंश मात्रै पाउने गर्छन्। बिमा ऐन २०७९ अनुसार बिमा गरेर तीन वर्ष अवधिसम्म किस्ताबापतको प्रिमियम बुझाएका बीमितले आफूले तिरेको शुल्क फिर्ता लिएर बिमा त्याग गर्ने व्यवस्था छ।

यस्ता बीमितले पोलिसी सरेण्डर गर्दा तिरेको कूल किस्ताको ४० देखि ६० प्रतिशतसम्म रकम फिर्ता पाउँछन्। यसअनुसार परिपक्व हुँदा पाउने सुविधाबापतको रकम समर्पण गर्ने बीमितले गुमाउने गर्छन्। यति हुँदा पनि बीमितले बीचैमा घाटा खाएर भए पनि बिमालेख त्याग गर्ने क्रमलाई बढाएका हुन्। चालू आवको जेठ महिनासम्ममा बीमितले ११ अर्ब ९१ करोड ६५ लाख रुपैयाँ बराबरको ९८ हजार १ सय ३६ वटा बिमालेख त्यागेका छन्। बीमितले गत पुस महिनामा ६ अर्ब ५४ करोड ८८ लाख रुपैयाँ बराबरको ५३ हजार ११३ वटा बिमालेख त्याग गरेका थिए। त्यसयताको ६ महिनामै बीमितले ५ अर्ब ३७ करोड रुपैयाँ बराबरको बिमालेख त्याग गरेका छन्।

नेपाल बिमा प्राधिकरणका अनुसार बिमालेख बीचैमा त्याग गर्नेहरु सबैभन्दा धेरै नेपाल लाइफ इन्स्योरेन्समा छन्। व्यावसायिक रुपमा पहिलो नम्बरमा आउने यो कम्पनीको बिमा सरेन्डर पनि सर्वाधिक धेरै नै छ। चालू आवको ११ महिनामा यो कम्पनीबाट बीमितले ४ अर्ब १६ करोड २१ लाख रुपैयाँ बराबरको बिमालेख त्याग गरेका छन्।

यस्तै लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल)को २ अर्ब ७१ करोड ९४ लाख बराबरको बिमा सरेन्डर हुँदा राष्ट्रिय बिमा कम्पनीको १ अर्ब १ करोड रुपैयाँ बराबरको बिमालेख त्यागिएको छ।

यसरी जेठ मसान्तसम्म नेशनल लाइफको ८७ करोड, एशियन लाइफ इन्स्योरेन्सको ७३ करोड, सूर्यज्योति लाइफको ६५ करोड, हिमालयन लाइफको ६३ करोड, मेट लाइफको ३७ करोड, सानिमा रिलायन्सको १८ करोड, प्रभु महालक्ष्मी लाइफको १७ करोड रुपैयाँबराबरको बिमालेख त्याग भएका हुन्।

योबाहेक सिटिजन्स लाइफको १३ करोड, आईएमई लाइफको ११ करोड, रिलायबल लाइफको ८ करोड, सन नेपाल लाइफको ५ करोड रुपैयाँ बराबरको बिमालेख त्याग भएको हो। बिमालेखप्रति बीमितको आकर्षण घट्दै गएपछि बिमालेख त्याग हुने क्रम बढ्दो छ। यसले बिमा कम्पनीहरुको व्यवसायलाई थप दबाबमा पारेको छ।

# सिञ्चाइ सुविधा विस्तारले कृषक हर्षित

**इलाम, असार २३।** चियापछि इलाम पाँचवटा 'अ' को विशेषताले परिचित छ। ती पाँच 'अ'का अकबरे, अलैंची, अम्लिसो, ओलन, अदुवा उत्पादन गर्दै यहाँका कृषकले बर्षेनि मनग्ये आम्दानी गर्दै आएका छन्।

अझ, त्यसमा पनि खाद्यबाली उत्पादनमा समेत सरकारी सहयोगका कारण उत्पादन वृद्धि हुन थालेपछि यहाँका कृषक थप लाभान्वित भएका हुन्। सिञ्चाइ सुविधा विस्तारसँगै इलाममा अन्नबाली, नगदेबाली तथा तरकारीबाली उत्पादनमा वृद्धि भएको छ। इलाममा ३२ हजार नौ सय ९५ हेक्टर क्षेत्रमा मकै, १३ हजार चार सय ८१ हेक्टर क्षेत्रमा धान, चार हजार पाँच सय ८४ हेक्टर क्षेत्रमा गहुँ, एक हजार पाँच सय ९७ हेक्टर क्षेत्रमा कोदोको व्यावसायिक खेती हुँदै आएको छ।

कृषि ज्ञान केन्द्र इलामका अनुसार एक हजार सात सय ५५ हेक्टर क्षेत्रमा अलैंची, आठ सय ९० हेक्टर क्षेत्रमा किवी, दुई सय ९० हेक्टर क्षेत्रमा सुन्तला, एक सय २५ हेक्टर कफीको व्यवसायिक खेती हुँदै आएको छ। संघीय तथा प्रदेश सरकारले कृषि उत्पादन बढाउनका लागि इलामवासीलाई सिञ्चाइ सुविधा उपलब्ध गराएसँगै यहाँको उत्पादन समेत बढेको कृषि ज्ञान केन्द्रको भनाइ छ। वर्षौंदेखि आकाशे पानीको भरमा खेती गर्दै आएका इलामको सन्दकपुर-५ जमुनाका निरकुमार फागो यतिबेला खुशी छन्। उनी मात्रै होइन यहाँका सयौं किसान वर्षौंदेखि आकाशेपानी पर्खनुपर्ने बाध्यताबाट मुक्त भएपछि खुशी भएका हुन्।

जमुनामा कोशी प्रदेश सरकार खानेपानी, सिञ्चाइ तथा ऊर्जा मन्त्रालय अन्तर्गत जलस्रोत तथा सिञ्चाइ विकास डिभिजन इलामले रु. २० लाखको लागतमा धुवाखोला सिञ्चाइ आयोजना निर्माण गरेपछि उनीहरु खुसी भएका हुन्।

'आयोजना सम्पन्न भई खेतमा पर्याप्त पानी आउन थालेको छ। पक्की नहरको माध्यमबाट किसानका खेतमा सिँचाइ पुगेपछि वर्षौंदेखि बाँझिएका खाली जमिनमा पनि खेती गर्ने जाँगर आएको छ'- फागोले भने- 'सिञ्चाइ सुविधा विस्तारपछि मौसम अनुसारका अन्नबाली तथा तरकारीबाली उत्पादन गर्न थालेका छौं।'

स्थानीय धुवाखोलाको पानी व्यवस्थापन गरी खेतसम्म पुर्‍याएपछि यतिबेला त्यहाँका किसानको दैनिकीसमेत फेरिएको आयोजना उपभोक्ता समितिका उपाध्यक्षसमेत रहेका किसान फागोले बताए। पहिले पहिले धान रोप्नका लागि आकाशेपानी पर्खनुपर्ने बाध्यता थियो, समयमा पानी नपर्दा खेत बाँझै राख्नुपर्थ्यो, सिञ्चाइ आयोजना सम्पन्न भएपछि यसपटक समयमै रोपाइँ गरेका छौं- फागोले भने।



जलस्रोत तथा सिञ्चाइ विकास डिभिजन इलामका प्रमुख रामनारायण श्रेष्ठले आयोजनाबाट यस क्षेत्रको ७५ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिनमा सिञ्चाइ सुविधा पुगेको र ६३१ किसान प्रत्यक्ष लाभान्वित भएका बताए। जमुनामा मात्रै होइन यहाँको फाकफोकथुम-३ आमचोकका किसान पनि यस वर्षदेखि उत्तिकै खुसी भएका छन्। यहाँ पनि कोशी प्रदेश सरकारको रु. २० लाखको लागतमा निर्माण भएको सिम्ले कुलो सिञ्चाइ आयोजनाले किसानलाई राहत मिलेको छ।

यस आयोजनाबाट ८० हेक्टर क्षेत्रफलमा सिञ्चाइ सुविधा पुगेको छ भने चार सय ५० किसान परिवार प्रत्यक्ष लाभान्वित भएका छन्। उक्त सिञ्चाइ आयोजना उपभोक्ता समितिका सचिव समेत रहेका किसान टेक भारतीले पानी सुविधापछि खेत बाँझै राख्ने समस्या समाधान भएको बताए। 'विगतका वर्षमा आकाशेपानीको पर्खाइमा त असार-साउन नै बित्ने गर्दथ्यो, सिञ्चाइ सुविधा विस्तारपछि यस वर्ष भने समयमै रोपाइँ गरेका छौं'- भारतीले भने- 'हामी चार सय ५० किसान परिवार निकै हर्षित छौं, उत्पादन समेत बढ्नेमा आशावादी छौं।'

जमुना र आमचोक प्रतिनिधि उदाहरण मात्र हुन्। इलाममा कोशी प्रदेश सरकारले सिञ्चाइ सुविधाका लागि चालूआर्थिक वर्षमा मात्रै ४ करोड ८० लाख ७० हजार रुपैयाँ लगानी गरेको छ। त्यसबाट ठूला साना, नयाँ निर्माण र पुराना मर्मतसम्भार गरी ३५ आयोजनाका लागि उक्त रकम खर्च गरिएको हो।

तीमध्ये २३ आयोजना सम्पन्न भइसकेका छन् भने आठ आयोजना अन्तिम चरणमा रहेका सिञ्चाइ विकास डिभिजन इलामका प्रमुख श्रेष्ठले जानकारी दिए। सम्पन्न भएकामध्ये नयाँ बहुवर्षे सिञ्चाइ आयोजना चारवटा र मर्मतबाट सम्पन्न भएका सिञ्चाइ आयोजना १९ वटा रहेका छन्।

चारवटा आयोजना भने शुरु हुन नसकेको प्रमुख श्रेष्ठले जानकारी दिए। 'यसवर्ष इलाममा कोशी प्रदेश सरकारबाट ३५ सिञ्चाइ आयोजनाका लागि बजेट विनियोजन गरेको थियो, सबै आयोजना सम्पन्न भएमा जिल्लामा दुई हजार चार सय दुई हेक्टर क्षेत्रमा सिञ्चाइ सुविधा विस्तार हुनेछ'- श्रेष्ठले भने। उनका अनुसार आयोजनाबाट जिल्लाका १३ हजार चार सय ६९ जना किसान प्रत्यक्ष लाभान्वित हुनेछन्।

यहाँको रोङ गाउँपालिकामा पनि रु. २० लाखको लागतमा बिरीङ कटहरे सिञ्चाइ आयोजना सम्पन्न भएको छ भने रु. ३५ लाखको लागतमा निर्माण भइरहेको सुकेनिन्दा सिँचाइ आयोजना अन्तिम चरणमा छ। माईजोगमाई गाउँपालिकामा २० लाख ७० हजार रुपैयाँको लागतमा खड्के खोला सिञ्चाइ आयोजना र रु. १८ लाखको लागतमा ढाडे खोला सिञ्चाइ आयोजना निर्माणकार्य अन्तिम चरणमा रहेको कार्यालयले जनाएको छ।

सन्दकपुर गाउँपालिकामा रु. १५ लाखको लागतमा गीताङ सिञ्चाइ आयोजना र पाँच लाख लागतमा दाहाल खोला टारीबेँसी सिञ्चाइ आयोजना सम्पन्न भएका छन्। सूर्योदय नगरपालिकामा पनि रु. २० लाखको लागतमा आन्द्रे खोला सिञ्चाइ आयोजना र आठ लाखको लागतमा रम्फोक खोला ढाडे सिञ्चाइ आयोजना सम्पन्न भएका छन्।

यस्तै, माई नगरपालिकामा रु. १५/१५ लाखको लागतमा पलाँसे र लेवाखोला, रु. १० लाखको लागतमा लोधिया र रु. पाँच लाखको लागतमा लोदिया माई सिञ्चाइ आयोजना सम्पन्न भएका छन् भने रु. २० लाखको लागतमा ठ्याउरे खोला फ्याउरे सिञ्चाइ आयोजना निर्माणाधीन छ।

यसैगरी देउमाई नगरपालिकामा रु. १५ लाखको लागतमा ढोकेखोला तथा १०/१० लाखको लागतमा सेवा खोला, सियाखोला मुहानचुली कुलो, सियाखोला मुहानचुली कुलो ९१०, सियाखोला मुहान जुवारे कुलो र सियाखोला मुहान जुवारे कुलो सिञ्चाइ आयोजना ९१० र रु. आठ लाखको लगानीमा फाप्लुङम्बा सिञ्चाइ आयोजना सम्पन्न भएको डिभिजन कार्यालयले जनाएको छ। माङसेबुङ गाउँपालिकामा रु. १० लाखको लागतमा कुसुण्डे बोहोरागाउँ सिञ्चाइ आयोजना सम्पन्न भएको छ। फाकफोकथुममा रु. २० लाखको लागतमा होयाङ खोला सिञ्चाइ आयोजना अन्तिमचरणमा रहेको छ।

इलाम नगरपालिकामा रु. १०/१० लाखको लागतमा हुलाके कुलो, जानिटार, छाँगे जर्मने सिञ्चाइ आयोजना र चिसेनी नयाँ प्रविधिमा आधारित सिञ्चाइ आयोजना सम्पन्न भएका छन् भने रु. ३५ लाखको लागतमा करफोक खोला सिञ्चाइ आयोजना निमाणाधीन छ। यस्तै, चुलाचुली गाउँपालिकामा रु. १० लाखको लागतमा रतुवा खोला सिञ्चाइ आयोजना र रु. छ लाखको लागतमा सानो चाँजु सिञ्चाइ आयोजना निर्माणकार्य अन्तिमचरणमा रहेको डिभिजन प्रमुख श्रेष्ठले जानकारी दिए।

## चट्याङ लागेर १९ जनाको मृत्यु

**झापा, असार २३।** भारतको पूर्वी राज्य बिहारमा चट्याङ लागेर कम्तीमा १९ जनाको ज्यान गएको छ। सात जना घाइते भएका छन्।

बर्खाको यो बेला खेतमा काम गर्ने र पानी परेका बेला रूखमुनि आश्रय लिएका उनीहरुको चट्याङ लागेर ज्यान गएको विपद् प्रतिकार्यमा सक्रिय अधिकारीलाई उद्धृत गरी भारतीय सञ्चारमाध्यमले जनाएका छन्।

शुक्रबारपछि पछिल्लो २४ घण्टामा बिहार राज्यका १० जिल्लामा मेघगर्जन र चट्याङसहित ठूलो पानी परेको थियो। भारतको मौसम विभागले बिहारको उत्तरी, दक्षिणपूर्वी र दक्षिण मध्यभागमा मेघगर्जन र चट्याङसहित ठूलो पानी पर्न सक्ने भन्दै सावधानीका लागि सूचना अर्थात् (एलो अलर्ट) पनि जारी गरेको छ। हरेक वर्ष मनसुन शुरु भएसँगै भारतमा चट्याङ लागेर सयौँले ज्यान गुमाउने गरेका छन्।

## करेन्ट लागेर एउटा गोरुको मृत्यु

**झापा, असार २३।** झापाको कचनकवल-६ मुस्लिम बस्तीमा बिद्युतीय ट्रान्सफर्मरमा करेन्ट लागेर एउटा गोरुको मृत्यु भएको छ।

कचनाकवल-६ सडक नजिकमा रहेको बिद्युतीय ट्रान्सफर्मरसहितको पोलमा करेन्ट प्रवाह हुँदा सोही स्थानका लक्ष्मीनारायण राजवंशीको गोरु खेतमा जोत्नलाई लाने क्रममा करेन्ट लागेर मरेको हो। आइतवार राजवंशीको गोरुको खेतमा जोत्न लाने क्रममा करेन्ट लागेर घटनास्थलमै मृत्यु भएको छ। अन्य मानवीय क्षति नभएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

### १४ किलो ...

नम्बरको कारमा अवैध रुपमा चाँदीको गरगहना ल्याई अवैध रुपमा काठमाडौंका विभिन्न स्थानमा बिक्री वितरण गर्न लागेको भन्ने सूचनाका आधारमा सिआइबीले यही असार २१ गते उनीहरुलाई पक्राउ गरेको थियो।

### ५२ किसिमका ...

धनुष्टङ्कार, एचआइभी, हात्तीपाइले स्क्रबटाइफस, कालाजार, रुबेलालगायतका रोगहरु रहेका छन्। सङ्क्रामक रोग विशेषज्ञ डा. अनुप बाँस्तोलाले पहिलोपटक सङ्क्रामक रोगबारे सूचीकृत गरिएको बताए। उनले ती रोगले हुनसक्ने समस्या, अन्तर्राष्ट्रिय स्वास्थ्य नियम र कानून अनुसार सूचीकृत गरिएको जानकारी दिए।

## संरक्षणको पर्खाइमा धनपालथान



**बेलबारी, असार २३।** जिल्लाको धनपालथान गाउँपालिकाको अस्तित्वसँग जोडिएको पुरातात्विक महत्वको धनपालथान संरक्षणको पर्खाइमा रहेको छ। राजा धनपालको नामबाट गाउँपालिकाको नामकरण गरिए पनि उक्त स्थानको संरक्षण र प्रवर्द्धन नहुँदा ओझेलमा पर्दै गएको हो।

धनपालथान गाउँपालिकाको वडा नं. ७मा अवस्थित छ। यो ठाउँलाई स्थानीय भाषामा राजा धनपालको रजवाडा भनिन्छ। प्राचीन रजवाडा झण्डै चार बिगाह क्षेत्रफलमा फैलिएको छ।

पुरातात्विक महत्व बोकेको यस स्थानको नामबाट साविकको नोचा, कदमाहा, दादरबैरिया, अमाही बरियाती र सोराभाग गाविसलाई समेटेर पुन:संरचना भएको पालिकाको नाम धनपालथान गाउँपालिका राखिएको राजा धनपालथान संरक्षण तथा विकास समितिका अध्यक्ष सञ्जय सिंहले बताए।

रजवाडा परिसरमा निकै अगाडि बनाइएका टहरा जीर्ण अवस्थामा छन् भने २०५७ सालमा गठन भएको संरक्षण समितिले बनाएको देवी रणकाली र राजा धनपालको सिमेन्टको मुर्तिसमेत टुटेर जीर्ण बनेको उनले बताए।

समितिका अध्यक्ष सिंहका अनुसार यहाँ आसपासमा पुरातात्विक महत्वको कयौँ वस्तु तथा मूर्ति भेटिएका छन्। विसं २०७१ मा स्थानीय किसान रघुसिंह नुनियाले रजवाडा नजिकैको खेतमा हलो जोत्ने क्रममा भगवान विष्णुको धातुको प्राचीन मूर्ति भेटेका थिए। उक्त मुर्ति संरक्षणका लागि इलाका प्रहरी कार्यालय रङ्गेलीमा जिम्मा लगाइएको उनले जानकारी दिए। २०१७ सालमा नजिकै रहेको पोखरी उत्खनन् गर्ने क्रममा धातुका पुराना भाँडावर्तनलगायतका विभिन्न सामग्री भेटिए पनि हाल ती कहाँ छन्, यस विषयमा स्थानीय अनभिज्ञ छन्- अध्यक्ष सिंहले भने।

धनपालथान-७का स्थानीय उचितलाल मण्डलले रजवाडा परिसरमा खन्दा करिब डेढ फिट लम्बाइ र चौडाइका पुराना माटोका इँटाहरु भेटिने गरेको बताए। यहाँ निकै पुरानो संरचना भेटिने गरेका छन्। यस क्षेत्रको उत्खनन गर्नुका साथै यसको संरक्षण र प्रवर्द्धन गरी पर्यटन प्रवर्द्धन गर्न सकिन्छ- उनले भने।

स्थानीय राजेन्द्र कामतले उत्खनन् र अध्ययनसम्म नगरिएकाले राजा धनपाल कुन कालखण्डका को हुन् भन्नेसम्म खुल्न नसकेको बताए। प्राचीन विराट राजाको राज्यअन्तर्गत पर्ने यस स्थानमा रहेको मन्दिर विराट राजाले निर्माण गरेको किंवदन्ती छ- उनले भने। पुरातत्व विभागले यहाँको अध्ययन अन्वेषण गरी तथ्य पत्ता लगाउनुपर्ने गाउँपालिका अध्यक्ष जिवछप्रसाद गच्छदारले बताए।

धनपालथान क्षेत्रमा गाउँपालिकाले मन्दिर बनाइसकेको भन्दै मन्दिर परिसरमा पर्खाल घेराबारा गरी मूर्ति स्थापना गरिने उनले जानकारी दिए। अध्यक्ष गच्छदारले स्थानीय सरकारसँग पर्याप्त बजेट नहुँदा पूर्वाधार निर्माण र संरक्षणमा समस्या भएको बताए। उनले प्रदेश र संघ सरकारले आर्थिक सहयोग गर्नुपर्नेमा जोड दिए।

पुरातत्व विभागले यस ठाउँमा १५ वर्षअघि सामान्य अध्ययन गरी मध्यकालीन संरचना भएको हुनसक्ने निष्कर्षसहित विभागमा सूचीकृत गरेको पुरातत्वविद् भाष्कर ज्ञवालीले जानकारी दिए। उनले धनपालगढीमा बाहिरबाट संरचना नदेखिने भएकाले सतहमुनिको अध्ययन 'जियोलोजिकल सर्वे' गर्दा पौराणिकता तथ्य स्पष्ट हुने बताए।

### एकै दिन ...

हुन सक्ने धनजनको क्षति न्यूनीकरण गर्ने लक्ष्यले जनचेतनाका लागि एकै दिनमा ३४ लाखको हाराहारीमा सर्वसाधरणलाई एसएमएस पठाएको जानकारी दिए।

बाढीको जोखिम भएका क्षेत्र आसपासमा बस्ने सर्वसाधारणलाई सचेत गराउन हामीले एसएमएस पठाएका हौं- उनले भने- सर्वसाधारणको मोबाइलमा एसएसएस पठाएपछि जोखिममा परेका सुरक्षित स्थान जान सक्छन्, जोखिमयुक्त क्षेत्रमा आवतजावत गर्दा सचेतना अपनाउन सकिन्छ भनेर एसएमएस पठाउने गरेका छौं।

विभागका महानिर्देशक डा. जगदीश्वर कर्माचार्यले यस वर्ष विभागले मनसुनजन्य घटना तथा जानकारीसम्बन्धी करिब ९० लाख एसएमएस सर्वसाधारणलाई पठाउने योजना बनाएको जानकारी दिए। प्रत्येक दिन बिहान ६ बजे र बेलुकी ६ बजे मौसमी बुलेटिन प्रकाशन गर्छौं, यसले तीन दिनसम्मको मौसम सम्बन्धी जानकारी दिन सहयोग गरेको छ- उनले भने।

बाढी र वर्षा सम्बन्धी जानकारीका लागि टोल फ्री नम्बर ११५५ र उद्धार तथा मद्दत माग्न ११४९ को व्यवस्था गरिएको महानिर्देशक कर्माचार्यले जानकारी दिए। बर्षेनि ९० लाख हाराहारीमा एसएमएस सम्प्रेषण गरेर मनसुनजन्य विपत्तिबाट हुने क्षति न्यूनीकरण गर्ने प्रयास गरेका भन्दै यस वर्ष पनि सोही मात्रामा सम्प्रेषण गरिने उनले बताए।

विभागका महानिर्देशक कर्माचार्यका अनुसार विभागसँगको समन्वयमा नेपाल टेलिकम र एनसेलसँग बाढीको पूर्वसूचना उपलब्ध गराउन नि:शुल्क एसएमएस प्रवाह गर्ने समझदारी-पत्रमा हस्ताक्षर (एमओयू) भएको छ।

### उद्धार ...

दिए। विपद् व्यवस्थापनका लागि व्यवस्थित तयारी गरिएको छ। उच्च सतर्कता अपनाउन सम्पूर्ण रूपले मेहेनत गरेका छौं- प्रधानमन्त्रीले भने- यस वर्ष विपद्बाट ठूलो क्षति हुनसक्ने अनुमान गरिएको छ, सोही अनुसार रोकथाम र क्षति न्यूनीकरणका लागि राम्रो तयारी छ, जनताको जीउधनको रक्षाका निम्ति सम्पूर्ण तागत लगाऔं।

केही दिन अगाडि मात्रै आफूले उच्चस्तरीय विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण समितिको बैठक बोलाएर सबै सरकारी निकायबीच समन्वय गरेर जनताको जीउधनको सुरक्षामा खटिन निर्देशन दिएको बताउँदै प्रधानमन्त्रीले भने- वर्षा जारी छ, अझै क्षति हुन सक्छ। सडक अवरूद्ध हुन सक्छन्। त्यसैले उद्धार एवम् राहतका काममा सक्रियतापूर्वक लागौं।

सम्भावित जोखिमप्रति सुरक्षा सतर्कता अपनाउन सम्पूर्ण नागरिकमा अनुरोध गर्दै प्रधानमन्त्रीले सरकारको प्रयासमा सार्थक हातेमालोका निम्ति सम्पूर्ण राजनीतिक दल, नागरिक समाज र सामाजिक संस्थाहरूसँग आग्रह गरे।

### एक महिनामा ...

छ भने सामान्य कुलो बनाई पानीलाई एकीकृत गरी तर्काउनुपर्छ- उनले भने- तपाईं बस्ने स्थानमा पहिले पहिरो गएको छ भने निरन्तर निगरानी गर्ने, सुरक्षित स्थानमा बस्ने, जमिन अथवा पहरोमा अनौठो किसिमको कटकट आवाज सुनियो भने पहिरोको संकेत हुनसक्ने भएकाले सतर्क रही सूचना दिनुपर्छ।

उनका अनुसार सुकिसकेका कुवा धारामा एक्कासी पानी आउन थाल्यो वा पानी आउने धारा कुवामा पानी सुक्न थाल्यो भने जमिन हलचलको सङ्केत हुनसक्छ।

**कोशी ब्यारेजका सबै ५६ ढोका खोलिए**

पूर्वी पहाडी भेगमा निरन्तर वर्षा भएसँगै सप्तकोशी नदीको जलसतह बढेको छ। जलसतहमा भएको वृद्धिलाई दृष्टिगत गरी स्थानीय प्रशासनले कोशी ब्यारेजमा सबै ५६ वटा ढोका खोलेको छ।

प्रमुख जिल्ला अधिकारी रामचन्द्र तिवारीका अनुसार ब्यारेजमा प्रतिघण्टा तीन लाख ६८ हजार क्युसेकभन्दा बढी पानी प्रवाह भएपछि सबै ढोका खोलिएका हुन्। नदीमा निरन्तर जलस्तर अनुगमन भइरहेको छ। पानीको सतह निरन्तर बढेपछि कोशी ब्यारेजमा जोखिमको सङ्केत दिन रातो बत्ती बालिएको छ भने राता झण्डा फहराइएका छन्।

सप्तकोशी जलमापन केन्द्रले जलसतह जोखिम विन्दुभन्दामाथि पुगेको बताएको छ। नदीको भेल उदयपुर र सुनसरीका केही क्षेत्रमा पस्ने जोखिम बढेको छ। तटीय क्षेत्रका बासिन्दालाई सतर्कता अपनाउन प्रमुख अधिकारी तिवारीले आग्रह गरेका छन्।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल
सम्पादकीय

## वर्षाजन्य विपद्को त्रास

जल तथा मौसम विभागले पूर्वानुमान गरे जस्तै यस वर्ष मनसुन शुरु हुनासाथ बाढीपहिरोको प्रकोप बढेको छ । मनसुन प्रवेश गरे लगत्तै शुरु भएको वर्षाले देशका विभिन्न ठाउँमा वितण्डा मच्चाउन थालेको छ । यसैबीच ठूलो मानवीय तथा आर्थिक क्षति भइसकेको छ । प्रहरी प्रधान कार्यालयका अनुसार पछिल्ला विपद्का घटनामा परेर १४ जनाले ज्यान गुमाएका छन् भने आठ जना बेपत्ता र बाह्र जना घाइते भएका छन् । वर्षा र झरीका कारण देशभरकै जनजीवन प्रभावित भएको छ । निरन्तरको वर्षाले कोशी, नारायणी, सेती लगायतका ठूला नदीहरुमा जलसतह उच्च हुनुका साथै स–साना खोला र खहरेमा समेत बाढी आएर तटीय क्षेत्रका मानव बस्तीहरु डुवानमा परेका छन् ।

विज्ञका अनुसार जलवायु परिवर्तनका कारण प्रत्येक वर्ष बाढीपहिरोको प्रकोप बढ्दै गएको छ । आगामी वर्षहरुमा बाढीजन्य विपद अरु बढ्न सक्ने सम्भावना रहेको अध्ययनहरुले देखाएका छन् । यही जलवायु परिवर्तनका कारण अतिवृष्टि र अनावृष्टि जस्ता परिवर्तन हुने र यसले समस्या अझै बढाउने देखिन्छ । जलवायु परिवर्तन सम्बन्धी अनिश्चितता कायम रहकाले अझै पनि अव्यवस्थित र अनियोजित विकास गर्दै जाने हो भने त्यही विकास विनाशको कारण हुनसक्छ । हरेक मनसुनले हामीलाई विपद् व्यवस्थापनका सम्बन्धमा नयाँ पाठ सिकाउँछ तर जोखिम कम हुनासाथ त्यही अनुभव र शिक्षालाई बिर्सन्छौं । यस्तो व्यवहारले पनि मनसुनजन्य विपद्का घटना प्रत्येक वर्ष बढ्दै गएको हुन सक्छ ।

वर्षा हुनु प्रकृतिको नियमितता हो । शदियौंदेखि यो क्रम निरन्तर चलिरहेको छ । तर, पछिल्लो समय बढ्दै गएको जनसंख्या र प्रकृतिमाथिको अतिक्रमण तथा आधुनिक हातहतियारको उत्पादन, प्रयोग र विकासका नाममा गर्दै ल्याइएको अवैज्ञानिक प्रयोगले जलवायु परिवर्तनको असरलाई तीव्र बनाएको छ । त्यसकारण बर्सेनि हुने क्षति न्यूनीकरण गर्न सरकार, मन्त्रालय वा प्रदेश र स्थानीय सरकारमात्र सजग भएर पुग्दैन । त्यसका लागि प्रत्येक व्यक्तिको पनि उत्तिकै सचेतता आवश्यक हुन्छ । वन विनाश, अनियन्त्रित रुख कटान, नदीजन्य वस्तुको दोहन, प्लाष्टिकको बेहिसाबको प्रयोग र विसर्जन जस्ता मानवीय गतिविधिलाई रोक्नु पर्दछ । अन्यथा बाढीजन्य विपद्को जोखिमलाई न्यूनीकरण गर्न सकिँदैन ।

# काङ्ग्रेस–एमाले सहकार्य : गठबन्धन परिवर्तन मात्र ?



तीर्थराज खरेल



नेपाली राजनीतिको मुख्य समस्याका रूपमा भ्रष्टाचार, गलत शासकीय स्वरूप, धर्म सम्बन्धी संवैधानिक व्यवस्था आदिलाई मान्ने धेरै छन्, तर राजनीतिको मुख्य समस्या अस्थिरता हो। अघिल्ला वर्षहरू झैं गएको २०८० साल पनि नेपालको राजनीतिमा अनेकन उतार चढावहरू आए। मुलुकमा स्थिरता, सुशासन, विकास र सेवा प्रवाहका हिसाबले अब्बल काम गर्ने प्रतिबद्धता जनाएका राजनीतिक दलहरू पुरानै शैलीमा रुमल्लिएर वर्ष बिताए। राजनीतिक अन्योल, दलहरू बीचको असमझदारी र सत्ता राजनीतिको तिकडममै बितेको तथ्यहरूले पुष्टि गर्दछन्। केन्द्रदेखि प्रदेशसम्मको सत्ता गठबन्धन र सरकार फेरबलदको क्रम रोकिएको छैन।

प्रदेश र सङ्घीय सरकारका मन्त्रीहरूले नियुक्ति लिँदै केही महिना बिताउने क्रम चलिरहेकै छ। प्रदेश सरकार फेरबदलको लहड नै चल्यो। प्रदेशका मुख्यमन्त्रीहरू एकै वर्षमा दुई–तीन पटकसम्म परिवर्तन भइरहे। प्रदेश सरकारले आफ्ना अधिकार प्राप्तिका लागि निरन्तर सङ्घीय सरकारमाथि खबरदारी गरिरहे पनि सङ्घीय सरकारले ठोस नीति ल्याउन सकेन। प्रतिनिधि सभाबाट बन्नुपर्ने पच्चिसभन्दा बढी विधेयकहरू संसद् र संसदीय समितिमा अलपत्र अवस्थामै रहिरहेका छन्। सत्ता स्वार्थकेन्द्रित राजनीतिले चरम सीमा नाघेर गठबन्धन जोड्न र फुटाउन र नयाँ समीकरणसहित सरकार बनाउन सबै दल लागीपरेका छन्।

माओवादीका अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गठबन्धनबीच भएको आलोपालो प्रधानमन्त्रीको समझदारी अनुसार नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालको पालो आउन आठ महिना बाँकी हुँदै पुनः दुई वर्ष आफैंले प्रधानमन्त्री खाने योजनाका साथ गठबन्धन टुटाएर एमालेसहितको गठबन्धन बनाउन सफल भएको गत सालको फागुनमा मात्र हो। सत्ताको जोड घटाउमा अब्बल सबैभन्दा लामो समय संसदीय अभ्यासमा खारिएका नेपाली कांग्रेस र नेकपा एमालेले प्रचण्ड नेतृत्वको वर्तमान सत्ता गठबन्धन भत्काएर राष्ट्रिय सरकार बनाउन सकिन्छ भन्ने योजनाका साथ अघि बढेको आजको यथार्थ हो। जे तर्क दिए पनि मुलुक त राजनीतिक दलले नै चलाउने हुन्। राम्रो गरे पनि जस उनीहरूलाई जान्छ, राम्रो नगरे अपजस पनि उनीहरूलाई नै जान्छ।

दलहरू चुनावी प्रतिबद्धता र घोषणापत्रमा उल्लेखित एजेन्डा तथा प्रस्तावलाई कुनै राजनीतिक दलले कार्यान्वयन गर्नेतिर लागेनन्। बजेट तथा नीति कार्यक्रम पुरानै ढर्राको ल्याए भने ती नीति कार्यक्रम र बजेट कार्यान्वयनको पक्ष समेत कमजोर रहेको अवस्था देखियो। लोकतान्त्रिक व्यवस्थामा राज्यशक्तिको अभ्यास गर्ने मुख्य सङ्गठित शक्ति राजनीतिक दल नै हुन्। यस्ता पार्टी मूलतः निश्चित राजनीतिक सिद्धान्त, विचारधारा, दृष्टिकोणद्वारा निर्देशित हुन्छन्। तिनै सैद्धान्तिक वैचारिकीको जगमा जनतालाई सङ्गठित गर्छन् जनताकै सङ्गठित शक्तिबाट आर्जन गरेको शक्तिका आधारमा जनताको हित हुने राजनीतिक व्यवस्थाको निर्माण गर्छन् भन्ने विश्वास गरिन्छ।

नयाँ समीकरणका लागि एक साताअघिदेखि गृहकार्यमा रहेका दुबै दलका शीर्ष नेताले गत सोमबार सत्ता सहकार्यको अन्तिम खाका तयार गरेपछि मात्र राजनीतिले कोल्टे फेरेको हो। दुई दलबीच भएको सहमति अनुसार सरकारको नेतृत्व शुरुमा एमाले अध्यक्ष केपी शर्मा ओलीले र पछिल्लो सरकारको नेतृत्व शेरबहादुर देउवाले गर्ने सहमति भएको सार्वजनिक भएको छ। मुलुकमा देखिएको राजनीतिक अस्थिरता अन्त्य गर्न संविधानमा आवश्यक संशोधन गर्ने र सोही अनुरूप कानून निर्माण गर्ने सहमति समेत दुई दलबीच भएको सार्वजनिक जानकारीमा आएको छ। यहाँसम्मको सहमति भइसकेपछि मन्त्रालय बाँडफाँटको विषयलाई भने सामान्य रूपमा लिनुपर्ने हुन्छ।

सत्ता समीकरणको यो अभ्यासले मुलुकको राजनीतिक स्थायित्वसँगै समृद्धिको यात्राले थप गति लिने विश्वास गर्न सकिन्छ। नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष तथा संसदीय दलका नेता 'प्रचण्ड' २०७९ पुस १० गते प्रधानमन्त्रीमा नियुक्त भएका थिए। प्रतिनिधि सभामा ३२ सिट प्राप्त गरेर तेस्रो ठूलो दलको हैसियतमा हुँदा पनि आफूसँग जादुमय अङ्क छ, आफू हुञ्जेल मुलुकमा उथलपुथल भइरहेने भन्दै प्रचण्डले मुलुकको राजनीतिमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सफल हुँदै आएका छन्।

अहिलेको नेपाली काङ्ग्रेस र एमालेको सहकार्य त्यसो त सरकार गठन र पुनर्गठन राजनीतिक प्रक्रियाको नयाँ कोर्ष मात्र हो भन्ने धारणा राख्ने ठूलो सङ्ख्या छ। संसदमा कुनै पनि दलको स्पष्ट बहुमत नभएको अवस्थामा गठबन्धन टुट्नु र जुट्नुलाई प्रजातान्त्रिक अभ्यासकै रूपमा लिइन्छ। मूल कुरा त राष्ट्रहितलाई सर्वोपरि मानेर काम–कारबाही गरिएको छ कि छैन भन्ने मात्र हो। राष्ट्रिय समस्या हल गर्न सबै राजनीतिक दल एकै थलोमा उभिनै पर्छ। नयाँ समीकरणका लागि एक साताअघिदेखि गृहकार्यमा रहेका दुबै दलका शीर्ष नेताले गत सोमबार सत्ता सहकार्यको अन्तिम खाका तयार गरेपछि मात्र राजनीतिले कोल्टे फेरेको हो।

दुई दलबिच भएको सहमति अनुसार सरकारको नेतृत्व शुरुमा एमाले अध्यक्ष केपी शर्मा ओलीले गर्ने तय भएको छ भने पछिल्लो सरकारको नेतृत्व शेरबहादुर देउवाले गर्नेछन्। मुलुकमा देखिएको राजनीतिक अस्थिरता अन्त्य गर्न संविधानमा आवश्यक संशोधन गर्ने र सोही अनुरूप कानून निर्माण गर्ने सहमतिसमेत दुई दलबीच भएको सार्वजनिक जानकारीमा आएको छ। वि.सं. २०७९ मङ्सिर ४ गते सम्पन्न प्रतिनिधि सभाको निर्वाचनपश्चात् मुलुकको प्रधानमन्त्रीमा नियुक्त पुष्पकमल दाहाल 'प्रचण्ड'ले १८ महिनाभित्र चौथो पटक विश्वासको मत प्राप्त गरी सरकार चलाउँदै आएका छन्।

पछिल्लो पटक वि.सं २०८१ जेठ ७ गते प्रतिनिधि सभाको विश्वास प्राप्त गरेका प्रचण्डलाई सबैभन्दा ठूलो सत्ता साझेदार नेकपा (एमाले)ले एक महिनापछि नै साथ छोडिदिएको छ। गणितीय हिसाबमा सबैभन्दा ठूलो साझेदार दलले समर्थन फिर्ता लिएपछि स्वतः सरकार अल्पमतमा परेको विदित हुन्छ। यद्यपि संवैधानिक व्यवस्था अनुसार प्रधानमन्त्रीले पुनः पाँचौं पटक विश्वासको मत लिने बताएका छन्। विश्वासको मत लिनु प्रधानमन्त्रीको अधिकार पनि हो। अविश्वासको मतद्वारा अल्पमतमा परी पराजित हुनु वा समयको पदचापलाई बुझेर राजिनामा दिनु बाहेक प्रधानमन्त्रीको कुर्सी रिक्त हुने अन्य कुनै प्रावधान नेपालको संविधानमा छैन।

संसदमा प्रतिनिधित्व गर्ने दुई ठूला दल मिल्दा स्पष्ट बहुमतको सरकार बन्ने भए पनि राष्ट्रिय सरकारको स्वरूप दिने उद्देश्यले सरकारमा सहभागी हुन सबै राजनीतिक दललाई आह्वान गरिनु राजनीतिक वृत्तमा अर्थपूर्ण छ। महत्त्वपूर्ण विषयमा निर्णय लिन संसदमा दुईतिहाइ बहुमत आवश्यक पर्ने भएका कारण पनि अब बन्ने सरकारलाई राष्ट्रिय सहमतिको सरकारको स्वरूप दिन आवश्यक ठानिएको हो। दुईतिहाइ बहुमतका लागि एक सय ८४ जना सांसदको समर्थन आवश्यक हुन्छ। प्रतिनिधि सभामा कांग्रेसको ८८ र एमालेको ७८ सिट सङ्ख्या गरी एक सय ६६ को स्पष्ट बहुमत हुन्छ। तर, दुईतिहाइ पुग्न भने १८ सिट अपुग हुने देखिन्छ। दुई दलबीचको स्पष्ट कार्ययोजना सार्वजनिक हुन बाँकी नै छ। यद्यपि संविधान संशोधन समेतका विषय बाहिर आएका छन्।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरण तथा सङ्घीयताको सफल कार्यान्वयनका लागि दुई ठूला दलबीच सहकार्य हुँदा मुलुकको समृद्धिका लागि मार्ग प्रशस्त हुने अपेक्षा गरिएको छ। संविधान संशोधन गर्ने र तदनुरूपका कानून समेत निर्माण गर्ने गरी राष्ट्रिय सहमतिको सरकार बनाउन एमाले–कांग्रेसबीच समझदारी भएको र यस प्रक्रियामा सहमत दलहरूलाई राष्ट्रिय सरकारमा समावेश गरिने समेत बताइएको छ। यदि यो गठबन्धन विगतको पुनरावृत्ति होइन भने राष्ट्रिय सहमतिका आधारमा संविधान संशोधन गरी मुलुकको प्रगतिका लागि राजनीतिक स्थायित्वको मार्गमा अघि बढ्नेमा विश्वास गर्न सकिन्छ।

*tirthakharel2028@gmail.com*

# महामारीले ल्याउने विश्व संकट

डा. अमृत बस्नेत

महामारी भनेको एउटा रोग वा सङ्क्रमण हो, जसले विश्वव्यापीस्तरमा वा ठूलो भौगोलिक क्षेत्रमा तीव्ररूपमा फैलिन्छ र धेरै संख्यामा मानिसलाई प्रभावित पार्छ। यसमा सामान्यतया नयाँ सङ्क्रामक रोग समावेश हुन्छन्, जसमा मानिससँग सङ्क्रमणसँग लड्ने प्रतिरक्षा कमजोर हुन्छ, जसले गर्दा व्यापक बिरामी/अस्वस्थ गराउँछ। महामारीले धेरै देशहरू वा महादेशलाई समेट्न सक्छ र रोगको फैलावटलाई नियन्त्रण गर्न र व्यवस्थापन गर्न अन्तर्राष्ट्रियस्तरमा समन्वित प्रतिक्रिया आवश्यक पर्छ। महामारीको घोषणा विश्व स्वास्थ्य सङ्गठनद्वारा गरिन्छ। जब कुनै महामारी विभिन्न देशहरूमा व्यापकरूपमा फैलिन्छ र नियन्त्रण गर्न चुनौतिपूर्ण हुन्छ। महामारीले मानव जनसङ्ख्यालाई गहिरो रूपमा प्रभाव पार्छ। विगतमा यस्ता थुप्रै महामारीहरु भएका छन्।

महामारीले जनसंख्याको ठूलो हिस्सालाई असर गर्छ। महामारीका नतिजाहरू दूरगामी र बहुआयामिक हुन्छन्, जसले समाजका विभिन्न पक्षहरूलाई असर गर्छन्। महामारीहरूले बिरामी र मृत्युदरमा उल्लेखनीय वृद्धि गर्छन्। अस्पताल र क्लिनिकहरूले चिकित्सा आपूर्ति, उपकरण र कर्मचारीहरूको अभाव सामना गर्न सक्छन्, जसले उपचारको गुणस्तर घटाउँछ। महामारीबाट बचेकाहरूले दीर्घकालीन स्वास्थ्य समस्याहरूबाट ग्रस्त हुन सक्छन्। दीर्घकालीन थकान, अंग क्षति, मधुमेह, रगतको मात्रामा गिरावट, रगत जम्ने, प्लेट्लेट्स को मात्रा घट्ने, हृदयघात, स्ट्रोक, स्नायु सम्बन्धी समस्याहरू, रोग प्रतिरक्षा शक्तिमा ह्रस कोभिडपछिका अवस्थामा देखिएका छन्। गम्भीर रोगप्रसारका कारण प्रभावित हुने व्यक्तिहरूमा डिप्रेसन र पोस्ट–ट्रामाटिक स्ट्रेस डिसअर्डर विकास हुन्छ।

महामारीहको कारण आर्थिक गतिविधिमा उल्लेखनीय मन्दी आउन सक्छ। धेरै व्यवसायहरू, विशेषगरी साना व्यवसायहरू बन्द हुन सक्छन्, जसले व्यापक रोजगारी गुमाउनु र बेरोजगारी दरमा वृद्धि गराउँछ। लकडाउन, क्वारेन्टाइन र आइसोलेसन जस्ता उपायहरूले सामाजिक एकान्तमा वृद्धि गर्छन्, जसले मानसिक स्वास्थ्यलाई असर गर्छ र मानसिक समस्याहरू जस्तै मन आत्तिने, चिन्ता र डिप्रेशनको घटनाहरू वृद्धि गर्छ। विद्यालय बन्दले शिक्षा प्रणालीमा अवरोध पुर्‍याउँछ। महामारीले प्रायः सार्वजनिक स्वास्थ्य नीतिहरू, आर्थिक प्रोत्साहन प्याकेजहरू र स्वास्थ्य सेवा नियमहरूमा परिवर्तनहरू सहित महत्वपूर्ण सरकारी हस्तक्षेपहरू निम्त्याउँछ।

महामारीको कमजोर व्यवस्थापनले राजनीतिक अस्थिरता र नेतृत्वमा परिवर्तन ल्याउन सक्छ। घटाइएको औद्योगिक गतिविधि र यातायातले प्रदूषण र हरितगृह ग्यास उत्सर्जनमा अस्थायी कमी ल्याउन सक्छ। महामारीको पूर्व तयारीले सम्भावित महामारीलाई प्रभावकारी रूपमा रोक्न, पत्ता लगाउन र प्रतिक्रिया दिन उपायहरू, योजना र कार्यान्वयन समावेश गर्दछ। रोगको प्रकोपहरू निगरानी गर्न बलियो विश्वव्यापी निगरानी प्रणालीहरू स्थापना र कायम गरिनुपर्दछ। विश्व स्वास्थ्य सङ्गठन जस्ता संस्थाहरूले महामारी निगरानीमा निष्पक्ष र महत्वपूर्ण भूमिका खेल्नुपर्दछ। बिरामीहरूको संख्यामा भएको वृद्धिलाई व्यवस्थापन गर्न स्वास्थ्य प्रणालीको क्षमता वृद्धि गर्नुपर्छ। स्वास्थ्यकर्मीलाई सङ्क्रमण नियन्त्रण अभ्यास र आपत्कालीन प्रतिक्रिया प्रक्रियाहरूमा नियमित रूपमा प्रशिक्षण दिनुपर्दछ। व्यक्तिगत सुरक्षा उपकरण, मास्क, सेनिटाइजर, औषधि र सुरक्षित खोप जस्ता आवश्यक चिकित्सकीय सुविधा उपलब्ध हुनुपर्छ। उन्नत उपकरण, उपचार र रोकथामका उपायहरू विकास र तैनाथ गरी ज्ञान र स्रोतहरू साझा गर्न अनुसन्धान र विकासमा अन्तर्राष्ट्रिय सहयोगलाई बढावा दिनुपर्छ।



नवीनतम् वैज्ञानिक प्रमाण र उत्कृष्ट अभ्यासहरूमा आधारित सार्वजनिक स्वास्थ्य नीतिहरू लागू गर्नुपर्छ र नियमित रूपमा अद्यावधिक गर्नुपर्छ। रोकथाम उपायहरू, सङ्क्रामक रोगहरूका लक्षणहरू र प्रारम्भिक उपचारको महत्वको बारेमा समुदायहरूलाई शिक्षित र संलग्न गराउनुपर्छ। महामारीहरूको लागि एकीकृत प्रतिक्रिया सुनिश्चित गर्न अन्तर्राष्ट्रिय साझेदारी र समन्वय संयन्त्रहरूलाई बलियो बनाउनु पर्दछ। महामारीबाट प्रभावित व्यक्तिहरू र व्यवसायहरूलाई आर्थिक सहयोगको खाँचो पर्दछ। महामारीको समयमा जोखिममा रहेका जनतालाई सामाजिक सुरक्षा योजनाहरू बलियो बनाउनु पर्दछ। महामारीको समयमा सञ्चालन र आपूर्ति श्रृंखला कायम राख्न व्यवसायहरूलाई निरन्तरता योजना विकास गर्न प्रोत्साहन गर्नुपर्दछ। क्वारेन्टिन र आइसोलेसन जस्ता सार्वजनिक स्वास्थ्य उपायहरूलाई समर्थन गर्ने कानूनी ढाँचाहरू स्थापना र अद्यावधिक गरी स्रोतहरूको वितरण, उपचारको प्राथमिकता र अन्य महत्वपूर्ण निर्णयहरूको लागि स्पष्ट दिशानिर्देशहरू तयार गर्नुपर्ने हुन्छ।

महामारीहरूले स्वास्थ्य क्षेत्र र चिकित्सकमा ठूलो दबाब पार्ने हुँदा स्वास्थ्य सेवा प्रणालीको बलियो पक्ष र कमजोरीहरू दुवै उजागर हुन्छन्। महामारीलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न पर्याप्त, प्रशिक्षित र लचिलो स्वास्थ्यकर्मीहरूको टिम सुनिश्चित गर्नु महत्वपूर्ण छ। नयाँ रोगहरूको उपचार प्रोटोकलहरूमा पनि निरन्तर प्रशिक्षण प्रदान गर्नुपर्दछ। चिकित्सक स्वास्थ्यकर्मीलाई आपत्कालीन प्रतिक्रिया प्रक्रियाहरू परिचित गराउन नियमित रूपमा महामारी अनुकरण अभ्यासहरू सञ्चालन गर्नुपर्दछ। स्वास्थ्यकर्मीहरूको तनाव, चिन्ता र मानसिक थकान व्यवस्थापन गर्न मनोवैज्ञानिक समर्थन,परामर्श सेवाहरू र प्रशिक्षण कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ। स्वास्थ्य सेवा सुविधाहरूभित्र बिरामी र कर्मचारीहरूको सुरक्षा गर्न सङ्क्रमण नियन्त्रण प्रोटोकलहरू कडाइका साथ लागू गर्नुपर्दछ।

प्रशासनिक कार्यहरू सुव्यवस्थित बनाउन र कार्यभार कम गर्न इलेक्ट्रोनिक स्वास्थ्य रेकर्ड र स्वचालित प्रणालीहरू जस्ता प्रविधिको प्रयोग गर्नुपर्दछ। चिकित्सक स्वास्थ्यकर्मीलाई उचित पारिश्रमिक र सुरक्षित काम गर्ने जस्ता प्रोत्साहन हुने खालका सरकारी नीतिहरू बन्नु पर्दछ। गैरमेडिकल कार्यहरूमा स्वास्थ्य सेवासुविधाहरूलाई सहयोग गर्न समुदाय स्वयंसेवक कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ। यी तथ्यहरुका आधारमा नेपालका स्वास्थ्य सेवा प्रणालीहरूले महामारीको लागि प्रभावकारी तयारी गर्नुपर्ने देखिन्छ। स्वास्थ्य सङ्कटको समयमा स्वास्थ्य सेवा वितरणलाई प्रभावकारी बनाउन तथा स्वास्थ्यकर्मी र बिरामीको मनोबल बलियो गराउन आवश्यक हुन्छ। महामारीले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा जनस्वास्थ्यलाई गम्भीररूपमा प्रभावित गर्छ। महामारीले जनसंख्या नियन्त्रणमा प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पार्न सक्छ। तर, विश्वका महाशक्ति राष्ट्रहरूले जान–अनजानमा महामारीलाई अस्त्रको रुपमा प्रयोग गरी सामान्यतया जनसंख्या नियन्त्रण विधिहरूको रूपमा पनि प्रयोग गर्ने गरेका छन्। महामारीको समयमा, आर्थिक अनिश्चितता, तनाव र स्वास्थ्य सेवामा अवरोधहरूले जन्म दरमा कमी ल्याउन सक्छ।

एक्काइसौं शताब्दीको वैज्ञानिक एआई युगमा सबै देशहरूसँग आ–आफ्नो हैसियत अनुसारका हातहतियारहरू छन्। त्यसैले विश्वका महाशक्ति राष्ट्रहरूले महामारीलाई हतियार बनाएर विश्व आर्थिक युद्धमा होमिन अनेक प्रयास र गुरु योजनामा तल्लिन रहेका छन्। कोभिड–१९ पनि यसको एउटा ज्वलन्त उदाहरण हो।संयुक्त राज्य अमेरिका र चीनबीचको विश्व आर्थिक टकरावले गर्दा सन् २०१९ मा कोभिड–१९ महामारी ल्याइएको अनुमान गर्न सकिन्छ। विश्व आर्थिक टकरावले सन् २०३० मा फेरि नयाँ महामारी ल्याइने अनुमान गर्न सकिन्छ। चीन, रसिया र संयुक्त राज्य अमेरिकाबीचको विश्व आर्थिक टकराव र बदलिंदो विश्व भूराजनीतिक ध्रुवीकरणको कारण त्यो अवस्था नआउला भन्न सकिन्न। विश्व स्वास्थ्य सङ्गठनले जनसंख्या नियन्त्रणको नीतिहरूलाई प्रोत्साहित गरेको देदिन्छ।

अष्ट्रेलियका वरिष्ठ प्रजनन् चिकित्सक डा. ल्यूक म्याकलिन्डनले कोभिड–१९ महामारीबिरुद्धको खोपको नकारात्मक पक्षको बारेमा चेतावनी दिएका थिए। उनले कोभिड–१९ बिरुद्ध खोप लगाइएका ७४ प्रतिशत महिलाको स्वतः गर्भपतन, गर्भाशयभित्र शिशु मृत्यु र महिनावारीमा व्यापक गडबडी भइरहेको अनुसन्धानबाट देखिएको बताएका छन्। त्यस्तै मातृ र नवजात टिटानस उन्मूलन खोप अभियानको पर्दा पछाडिका डरलाग्दो र भयानक तथ्यहरू पनि छन्। प्रजनन्बिरुद्ध खोपहरूको विकास सन् १९७० को दशकमा कथित अत्यधिक जनसंख्याको प्रतिक्रियामा शुरु भएको थियो। प्रजनन् नियमनका लागि खोपहरूमा विश्व स्वास्थ्य सङ्गठन टास्क फोर्सका अनुसन्धानकर्ताहरूले टिटी अर्थात् धनुष्टङ्कार खोपमा बिटा–एचसीजी र म्युरामाइल डाइपेप्टाइड नियोजित तरिकाले सफलतापूर्वक संयोजित गरेका थिए।

हरेक देशले महामारीबिरुद्ध बनेका खोपहरूको आ–आफ्नो देशमा आवश्यक परीक्षण गरेर मात्र जनसमुदायमा खोप अभियान चलाउनु पर्दछ। यसले खोपको उद्देश्य, प्राथमिकता, जटिलता र संयोजन पत्ता लगाउन मद्दत गर्दछ। समग्रमा महामारीले व्यक्ति, समुदाय र समाजमा बहुआयामिक र दूरगामी प्रभाव पार्छ। यसले सार्वजनिक जनस्वास्थ्य आपतकालीन अवस्थाहरूलाई सम्बोधन गर्न व्यापक तयारी, लचिलोपन र विश्वव्यापी सहयोगको महत्वलाई जोड दिन्छ। जबसम्म कोरोना भेरिएन्टको नामाकरण 'ओमेगा' हुँदैन, तबसम्म कोरोना भाइरस विश्वबाट पूर्णरुपमा निर्मूल नहुने अनुमान गर्न सकिन्छ।

# सोनु, अर्जुन र अनिस बने रोङ गट ट्यालेन्ट




**इलाम, असार २३।** इलामको रोङ गाउँपालिकाले सञ्चालन गरेको रोङ प्रतिभाको खोजीको फाइनल अडिसन सम्पन्न भएको छ।

गायन, नृत्य र कबिता बिधामा सञ्चालन भएको प्रतियोगितामा नृत्य तर्फ सोनु लावती प्रथम, सरस्वती मुखिया दोस्रो र आरध्या अर्याल तेस्रो भएका छन्।

त्यसैगरी निस्ता राई चौथो र प्रज्ञा भूजेल पाचौ भएका छन्। त्यसैगरी गायनमा अर्जुन खड्का प्रथम, सौगात सुब्बा दोस्रो र एलिना राई तेस्रो घोषित भएका छन्। गायनमा देबधन राई चौथो र हर्कमान सुन्दार पाचौं घोषित भए।


त्यसैगरी रोङ प्रतिभाको खोजी अन्तर्गत नै कवितातर्फ अनिश राई प्रथम तिलकराज कोइराला दोस्रो र साम्पोल गजमेर तेस्रो भएका छन्। कवितामा सुष्मा राई चौथो र तेजकुमारी चौलागाई पाचौं घोषित भएका छन्। प्रतियोगितामा बिजयी सबैलाई आयोजकले नगद पुरस्कार, प्रमाणपत्र तथा मेडल र ट्रफी प्रदान गरेको थियो।

यसअघि विभिन्न चरणमा भएका प्रतिस्पर्धाबाट कविता विधामा सामुएल गजमेर, अनिस राई, तिलकराज कोइराला, तेजकुमार चौलागाईं र सुष्मा राई फाइनलमा प्रवेश गरेका थिए। त्यस्तै, गायन विधातर्फ सौगात सुब्बा , हर्कमान सुन्दास, एलिना राई, अर्जुन खड्का र देवधन राई फाइनलका लागि छानिएका थिए।

नृत्य विधामा निस्ता राई, प्रज्ञा भुजेल, आरध्य अर्याल, सोनु लावती र सरस्वती मुखिया फाइनलमा प्रवेश गरेका थिए। गाउँपालिकाकमा लुकेर रहेको प्रतिभाको खोजी गर्न पालिकाले सञ्चालन गरेको यो प्रतियोगिताको कलाकर्मीहरुले स्वागत गरेका छन्।

यो प्रतियोगिताको लागि गाउँपालिकाले नीति तथा कार्यक्रममा बजेटको व्यवस्था गरेर आगामी बर्ष हिउँदकै समयमा सञ्चालन गर्ने गाउपालिका अध्यक्ष मणिकुमार स्याङ्बो (सुवास)ले बताए। पालिकामा पहिलोपटक आयोजना गरिएको प्रतियोगितामा छ वटै वडाका स्थानीयले प्रतिष्पर्धामा उत्साहजनक सहभागिता जनाएका थिए।

# लघुकथा संग्रह सनेसको विमोचन




**भक्तपुर, असार २३।** साहित्यकार एवम् सताक्षीधाम साहित्य सङ्गम झापाका अध्यक्ष उमानाथ दाहालको पहिलो लघुकथा संग्रह 'सनेस'को भक्तपुरमा विमोचन गरिएको छ।

सताक्षीधाम साहित्य सङ्गम झापा र हाम्रो लघुकथा केन्द्र नेपालको संयुक्त आयोजनामा भक्तपुरको कौशलटारमा आयोजित विमोचन कार्यक्रममा साहित्यकार, पूर्वप्राज्ञ प्रा.डा. देवी नेपाल, सृजना साहित्य समूहका अध्यक्ष एवम् पूर्व प्राज्ञ लघुकथाकार ध्रुव मधिकर्मी लगायतले विमोचन गरेका थिए।

कार्यक्रममा साहित्यकार प्रा.डा. नेपालले दाहालको कृति लघुकथा सनेस भाषा, शैली, प्रस्तुति, संवाद सबै कोणबाट हेर्दा लघुकथाको आयाममा उत्कृष्ट रहेको चर्चा गरे। उनले लघुकथाभित्र दाहालले समाजको बेथितिलाई भित्रैबाट केलाउँदै सामाजिक सन्देश छरेको बताए। लेखक दाहाल झापाका लागि एक व्यक्ति नभई संस्था भएको चर्चा गर्दै उनका विभिन्न कृतिमध्ये लघुकथामा पहिलोपटक कलम चलाएर पनि स-सानामा कमजोरी बाहेक खोट लगाउने ठाउँ नभएको बताए।

लेखक दाहालकी पत्नी उर्मिला दाहाल आफैँमा साहित्यकार र छन्द कविता वाचनमा उत्कृष्टता पहिचान बनाउन सफल भएको भन्दै सिङ्गो परिवार साहित्य लेखन र सहयोगमा लाग्नु खुशीको भएको बताए।

स्रष्टा एवम् लघुकथाकार ध्रुव मधिकर्मीले लघुकथा एकछिनको एक आयामको एउटा घटनाको छोटो आयाम भएको चर्चा गर्दै सानो किस्सामा लेखिने भए पनि यसको अर्थ, महत्व र लेखनमा धेरै मेहनत पर्ने बताए। लघुकथालाई सामान्य रूपमा लिन नहुने बताउँदै उनले यसमा हुनुपर्ने तत्वहरू नभए लुघकथा बन्न नसक्ने टिप्पणी गरे।

सनेसका समीक्षकद्वय इन्दिरा चापागाँई र शेखर अर्यालले समाजका विकृति, विसङ्गति, राजनीतिक विसङ्गति, शिक्षा, पारिवारिक समस्या, सामाजिक, राजनीतिक एवम् जातीय विभेद, सरकारप्रति व्यंग्य समेटिएको यो संग्रह भाषा र प्रस्तुति शैलीबाट समेत उत्कृष्ट रहेको बताए।

लेखक दाहालले यसअघि १० कथा संग्रह, बाल कविता संग्रह बाल संसार, कविता संग्रह, गीति संग्रह प्रकाशित गरेका छन्। उनले लघुकथाको क्षेत्रमा भने यो पहिलो प्रयास भएको बताए। त्यस अवसरमा हाँस्यकार डम्बर घिमिरे, बन्दना घिमिरे, लता केसी, निर्मला बराल ममता लगायतले दाहालको लघुकथाले सामाजिक सन्देश प्रवाह गर्न सफल हुने चर्चा गरे।

सनेसभित्र ६२ वटा लघुकथा सग्रहित छन् भने १५ देखि चार सय शब्दसम्मका लघुकथा छन्। कुल ८२ पृष्ठ लामो संग्रहको मूल्य रु. दुई सय ५० कायम गरिएको छ।

# एआई सम्बन्धी तालिम

**विराटनगर, असार २३।** मोरङ्गको विराटनगरमा स्थानीय सञ्चार माध्यमको अवस्था विषयक अन्तरक्रिया तथा एआई (Artificial Intelligence) सम्बन्धी तालिम सम्पन्न भएको छ।

कोशी प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री लीलाबल्लभ अधिकारीले तालिमको उद्घाटन गरेका हुन्। उक्त तालिम आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेशको सहकार्यमा नेपाल पत्रकार महासंघ मोरङले आयोजना गरेको हो।

तालिमको उद्घाटन समारोहको अध्यक्षता नेपाल पत्रकार महासंघ मोरङका कार्यवाहक अध्यक्ष मोहनप्रसाद भट्टराईले गरेका थिए। तालिममा वरिष्ठ स्वतन्त्र पत्रकार यज्ञप्रसाद शर्मा, वरिष्ठ पत्रकार रवीराज बराल, र नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य भिषण राईले एआई सम्बन्धी तालिममा सहजीकरण गरेका थिए।

कार्यक्रमको सञ्चालन नेपाल पत्रकार महासंघ मोरङका सचिव नेत्र पी अधिकारीले गरेका थिए। तालिममा सहभागी पत्रकारहरुले एआईको प्रयोगबाट पत्रकारिताको क्षेत्रलाई कसरी थप प्रभावकारी बनाउने भन्ने विषयमा प्रशिक्षण प्राप्त गरेका थिए।

एआई प्रविधिको सही प्रयोगले समाचार संकलन, सम्पादन र प्रसारण प्रक्रियामा सुधार ल्याउन सकिने बताइएको थियो।

तालिममा सहभागीहरुले एआईको प्रयोगबाट फेक न्यूजको पहिचान, सत्यापन, र छानबिनका विधिहरुमा पनि जानकारी पाएका थिए। साथै, स्थानीय सञ्चारमाध्यमको वर्तमान अवस्था र चुनौतिहरुबारे पनि जानकारी दिइएको थियो।




# धारिलो हतियार प्रहार गर्ने पक्राउ



**झापा, असार २३।** कमल गाउँपालिका-६ सुकुम्वासी टोलकी ३१ वर्षीया सुमित्रा ऋषिदेवलाई धारिलो हतियार प्रहार गरी फरार भएका रुपेश सदालाई प्रहरीले सप्तरीबाट पक्राउ गरेको छ।

आरोपी सदा सप्तरी राजविराज नगरपालिका-११ स्थायी ठेगाना भई हाल कमल-६ मा कोठा भाडामा लिई बस्दै आएका थिए। सिटी सफारी चलाउने ४१ वर्षीय सदाले सुमित्रालाई धारिलो हतियारले टाउको र दुवै हातमा प्रहार गरी घाइते बनाएका थिए।

घटनापछि फरार भएका सदालाई सप्तरी जिल्लाको बिसनपुरबाट पक्राउ गरी इलाका प्रहरी कार्यालय दमकमा ल्याई अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए। प्रहरीले घटनास्थलबाट एक थान खुकुरी, एक थान छुरी र एक थान रड बरामद गरेको छ। घाइतेको न्युरो हस्पिटल विराटनगरमा उपचार भइरहेको जनाएको छ।


## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*



सम्पर्क: दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर

| देवराज गिरी | विशाल हरिजन |
|---|---|
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |

**ताजा र विश्वसनीय समाचारका लागि**
**www.purwanchaldaily.com लगइन गरौं।**


## श्री पतालगंगा बचत तथा ऋण सहकारी संस्था लि.
**बिर्तामोड-५, झापा**

# कर्जा बुझाउन आउने बारे सूचना

**पहिलोपटक प्रकाशित मिति:**

यस संस्थासँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउन पर्ने साँवा तथा व्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफुले तिर्न बुझाउनुपर्ने सम्पूर्ण साँवा तथा व्याज फरफारक नगरेको हुँदा यो सूचना पहिलो पटक जारी गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र आफूले बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सुचित गरिन्छ। अन्यथा कालो सूचिमा राख्न लेखि पढाई सहकारी ऐन २०७४ बमोजिम कानूनी कारवाही अगाडि बढाइने जानकारी गरिन्छ।

**१. ऋणी/जमानीकर्ताहरुको नाम**
ऋणीको नाम : राजन राया
बाबुको नाम : पहल मान राया
बाजेको नाम : जंग विर राया
पत्नीको नाम : विमला राया
ना.प्र.नं. : ५३१६१ (इलाम)
फोन नं. : ९८२४०७८१६९
ठेगाना : बिर्तामोड- ०६
परिवारको जमानीकर्ता : विमला राय
बाबुको नाम : लोकबहादुर बोहोरा
ना.प्र. नं. ०१-०१३/९८६६१
जमानीकर्ता : टंक प्रसाद भेट्वाल
जमानीकर्ता : देउराज योङ्हाङ

**२. ऋणी /जमानीकर्ताहरुको नाम**
ऋणीको नाम : सुवोध ढकाल
बाबुको नाम : भविन्द्र ढकाल
बाजेको नाम : चन्द्र सेखर ढकाल
पत्निको नाम : रेखा ढकाल
ना.प्र.नं. : ३५७४४५१५ (झापा)
फोन नं. : ९८४२६५७२९४
ठेगाना : बिर्तामोड- ०७
परिवारको जमानीकर्ता : विनोद ढकाल
बाबुको नाम : भविन्द्र ढकाल
ना.प्र.नं. : ३५७४४५१४ झापा
जमानीकर्ता : राज कुमार झा
जमानीकर्ता : अर्जुन ब. थापा

**३. ऋणी /जमानीकर्ताहरुको नाम**
ऋणीको नाम : अनिता कार्की
बाबुको नाम : श्री प्रसाद रसाइली
बाजेको नाम : श्री कृष्ण रसाईली
पतिको नाम : नितन कार्की
फोन नं. : ९८१७९०१३३०
ठेगाना : बिर्तामोड- ०६
परिवारको जमानी कर्ता : बविता रसाइली
बाबुको नाम : श्री प्रसाद रसाइली
ना.प्र. नं. ०४३०११/१०६४ झापा
जमानी कर्ता : उर्गेस चौधरी
जमानी कर्ता : विर राजवंशी

**ऋण असुली उप-समिति**

# हकदावीको सूचना

कोशी प्रदेश, झापा जिल्ला, भद्रपुर नगरपालिका, वडा नं. ४ बस्ने वृज मोहन राजवंशीको छोरा उर्मीला कुमारी राजवंशीको पति विकास राजवंशीले हिमालयन बैंकको भद्रपुर शाखामा साधारण बचत खाता नं. २९७५३०३०५७००११ खोली कारोवार गर्दै आउनु भएकोमा खातावाल विकास राजवंशीको मिति २०८१।०२।१४ मा मृत्यु भएको र इच्छाएको व्यक्ति नभएको हुनाले, उक्त खातामा रहेको रकम हस्तान्तरण गरी खाता बन्द गरी पाउँ भनी मृतकको पत्नी उर्मीला कुमारी राजवंशीले आवश्यक कागजात संलग्न गरी बैंक समक्ष निवेदन दिनु भएकोले उक्त रकम उपर अन्य कसैको हकदावी छ भने यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र स-प्रमाण दावी गर्न आउनु होला। अन्यथा माग बमोजिम खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरिन्छ।


# हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)



# ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२**
**९८०१३६४०९३**



# बराल ट्याक्सी सर्भिस

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष : ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की : ९८१६९४०१७३
मे १ ज १६७०



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

# झापा सेफ्टी ट्यांकी तथा ढल सफाई




| बिर्तामोड सम्पर्क | दमक सम्पर्क: |
|---|---|
| राजुकुमार श्रेष्ठ | देवी सिटौला |
| ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५ | ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३० |

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।


## चुलाचुली डढुई सामुदायिक वन उपभोक्ता समूह
**माई नगरपालिका-६, इलाम**

# काठ लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

*पुनः दोस्रो पटक प्रकाशित मिति :* २०८१/०३/२४

यस चुलाचुली डढुई सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित गोलीया घाटगट्टीमा विभिन्न लट र पायलमा विभाजित निम्न परिमाणको काठ लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालय इलामको मिति २०८१/०२/०६ को चं. नं. १०,८१७ लिलाम बिक्री सहमति अनुसार लिलाम बिक्री गर्नुपर्ने भएकोले काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघ-संस्था, फर्म वा कम्पनीले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा सिलबन्दी बोलपत्र दालिख गर्न यो सूचना प्रकाशित गरिएको छ। पूर्ण व्यहोराको सूचना लिन यस सा.व.उ. समूहको कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।

**तपशिल**

| | | स्तर (ग्रेड) | | | | | | | | जम्मा | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ए | | बी | | सी | | डी | | | | | |
| लट नं. | जात | थान | परिमाण (क्यू.फि.) | थान | परिमाण (क्यू.फि.) | थान | परिमाण (क्यू.फि.) | थान | परिमाण (क्यू.फि.) | थान | परिमाण (क्यू.फि.) | प्रयोजन | |
| २. | साल गोलीया | १४ | २३३.०३ | २२ | २०५.८८ | १६ | ८८.७७ | - | - | ५२ | ५२७.६८ | समूह बाहिर | |
| ३. | साल गोलिया | १५ | १९४.१४ | १३ | १३५.२५ | २९ | १८४.६७ | - | - | ५७ | ५१४.०६ | समूह बाहिर | |

**चुलाचुली डढुई सामुदायिक वन उपभोक्ता समूह, माई नगरपालिका-६, इलाम**


नेपालीहरुको लागि भरपर्दो सेवा

# निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

**पानीटंकीको पहिलो गल्ली दायाँ साइड** सम्पर्क : **निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)**

***नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ।***
Youtube Channel : Nishat M jotic kendra




**ज्यो. पं. खेमप्रसाद पौडेल**
**फोन सम्पर्क ९८५११५४६९९**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाइँको समय उत्तमसिद्धी रहेको छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन सुखी रहला, उत्साह बढ्ने योग रहेको छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, व्यवसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला सचेत रहनुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, आज मन हर्षित रहला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
मिश्रित फलको प्राप्त हुने समय छ, काममा उतारचढाव आउन सक्छ, स्वास्थ्य त्यति राम्रो हुने छैन।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन्।